# चौबिसे गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### राजारानी, धनकुटा

प.सं. :- ०८३/०८४
कोशी प्रदेश, नेपाल

च.नं. :-

मितिः २०८३/०४/०६

नेपाल संवत्: ११४६

## सूची दर्ता सम्बन्धी सूचना

यस कार्यालयलाई आर्थिक वर्ष २०८३/०८४ मा आवश्यक पर्ने देहायबमोजिमका सेवा तथा सामानहरू एकपटक वा पटक–पटक खरिद गर्नुपर्ने भएकाले स्थायी लेखा नम्बर (PAN) तथा मूल्य अभिवृद्धि कर (VAT) मा दर्ता भएका इच्छुक फर्म, कम्पनीहरूबाट सूची दर्ताका लागि आवेदन आह्वान गरिन्छ।

इच्छुक फर्म, कम्पनी वा व्यक्तिले मिति २०८३ साल श्रावण मसान्तभित्र कार्यालय समयभित्र देहायका कागजातहरू संलग्न गरी सूची दर्ताका लागि निवेदन पेश गर्नुपर्नेछ। एकभन्दा बढी शीर्षकमा सूची दर्ता गर्न चाहनेले प्रत्येक शीर्षकका लागि छुट्टाछुट्टै आवेदन पेश गर्नुपर्नेछ।

**संलग्न गर्नुपर्ने कागजातहरूः**

१. व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि।
२. स्थायी लेखा नम्बर (PAN) तथा मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाणपत्रको प्रतिलिपि।
३. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
४. सूची दर्ताका लागि निवेदन।
५. आर्थिक वर्ष २०८१/०८२ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।

**सूची दर्ता गरिने सेवा/सामानहरू**

१. स्टेशनरी, मसलन्द तथा विविध सामान आपूर्ति।
२. छपाइ सम्बन्धी कार्य।
३. फर्निचर आपूर्ति तथा मर्मत कार्य।
४. विद्युतीय सामान आपूर्ति तथा मर्मत कार्य।
५. कम्प्युटर, प्रिन्टर, टोनर रिफिल, इलेक्ट्रोनिक सामान, CCTV क्यामेरा तथा पार्टपुर्जा आपूर्ति तथा मर्मत कार्य।
६. सवारी साधनका पार्टपुर्जा आपूर्ति, सर्भिसिङ तथा मर्मत कार्य।
७. निर्माण सम्बन्धी कार्य।
८. अन्य विभिन्न सामान आपूर्ति सम्बन्धी कार्य।
९. झ्याल, ढोका तथा अन्य मर्मत सम्बन्धी कार्य।
१०. कम्प्युटर सम्बन्धी परामर्श सेवा।
११. विविध।

पुनश्चः सार्वजनिक खरिद सम्बन्धी थप जानकारीका लागि गाउँपालिकाको वेबसाइट नियमित रूपमा हेर्न अनुरोध गरिन्छ। सूची दर्तासँगै उपलब्ध गराउन सकिने सेवा तथा सामानहरूको दररेट (Rate List) समेत संलग्न गर्न सकिनेछ। सूची दर्ता फारम वेबसाइटमा अपलोड गरिएको छ ।

.............................
बाबु नन्दन मेहता
प्रमुख प्रशासकीय अधिकृत
**प्रमुख प्रशासकीय अधिकृत**

Email: chaubisegapa@gmail.com

*अनुसूची-२क.

(नियम १८ को उपनियम (१) सँग सम्बन्धित)

**<u>मौजुदा सूचीमा दर्ता हुनका लागि दिइने निवेदनको ढाँचा</u>**

श्री कार्यालय प्रमुखज्यू मिति......................

...................................कार्यालय

................................. ।

<u>विषयः मौजुदा सूचीमा दर्ता गरी पाउँ।</u>

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ को उपनियम (१) बमोजिम तपशिलमा उल्लिखित विवरण अनुसारको पुष्ट्याईं गर्ने कागजात संलग्न गरी मौजुदा सूचीमा दर्ता हुन यो निवेदन पेश गरेको छु।

तपशिलः

| | |
|---|---|
| १. मौजुदा सूचीको लागि निवेदन दिने व्यक्ति, संस्था, आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायकको विवरणः | |
| (क) नामः | (ख) ठेगानाः |
| (ग) पत्राचार गर्ने ठेगानाः | (घ) मुख्य व्यक्तिको नामः |
| (ङ) टेलिफोन नं. | (च) मोवाईल नं. |
| २. मौजुदा सूचीमा दर्ता हुनको लागि निम्न बमोजिमको प्रमाणपत्र संलग्न गर्नुहोला। | |
| (क) संस्था वा फर्म दर्ताको प्रमाणपत्र छ ☐ छैन ☐<br>(ख) नविकरण गरिएको छ ☐ छैन ☐<br>(ग) मूल्य अभिवृद्धि कर वा स्थायी लेखा नम्बर दर्ताको प्रमाणपत्र छ ☐ छैन ☐<br>(घ) कर चुक्ताको प्रमाणपत्र छ ☐ छैन ☐ | |

* चौथो संशोधनद्वारा थप।

| | | | |
|---|---|---|---|
| (ङ) कुन खरिदको लागि मौजुदा सूचीमा दार्ता हुन निवेदन दिने हो, सो कामको लागि इजाजत पत्र आवश्यक पर्ने भएमा सो को प्रतिलिपि छ ☐ छैन ☐ | | | |
| ३. सार्वजनिक निकायबाट हुने खरिदको लागि दर्ता हुन चाहेको खरिदको प्रकृतिको विवरण : | | | |
| (क)मालसामान आपूर्तिः<br>(मालसामानको प्रकृति समेत उल्लेख गर्ने) | | (ख) निर्माण कार्यः | |
| (ग) परामर्श सेवाः<br>(परामर्श सेवाको प्रकृति समेत उल्लेख गर्ने) | | (घ) अन्य सेवाः<br>(अन्य सेवाको प्रकृति उल्लेख गर्ने) | |
| निवेदन दिएको मितिः<br>आ. व. | फर्मको छापः | | निवेदकको नामः<br>हस्ताक्षरः |

नेपाल कानून आयोग